# नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी
## (वि.सं. २०४७ देखि २०७४ सम्म)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डिनको कार्यालय, कीर्तिपुरमा राजनीतिशास्त्र
विषयमा विद्यावारिधि उपाधिका
लागि प्रस्तुत

## शोधप्रबन्ध

**शोधार्थी**
**राजेशचन्द्र गिरी**
विद्यावारिधि दर्ता नं. ८३/२०७२
त्रि.वि.द.नं. ६-१-२०६-१३५-९६
वि.सं. २०७८

# शोधप्रबन्धको सिफारिस पत्र

"नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी (वि.सं.२०४७ देखि २०७४ सम्म)" शीर्षकको प्रस्तुत शोधप्रबन्ध राजेशचन्द्र गिरीले हाम्रो निर्देशनमा तयार पार्नुभएको हो । नेपालको राजनीतिमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? र नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्ध कस्तो रहेको छ ? भन्ने बारेमा गहन खोज अध्ययन गरी तयार पारिएको प्रस्तुत शोधप्रबन्धदेखि हामी सन्तुष्ट छौँ । त्यसैले उहाँलाई राजनीतिशास्त्र विषयअन्तर्गत विद्यावारिधि उपाधि प्रदान गर्नका लागि उपयुक्त देखिएको हुँदा यसको अन्तिम मूल्याङ्कनका लागि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिन कार्यालयको अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

**सिफारिस प्रदान गर्ने शोधप्रबन्ध समिति**

............................................

प्रा. डा. जितेन्द्रध्वज खाँण

शोधनिर्देशक

............................................

सह प्रा.डा.पूर्णबहादुर खड्का

शोधविशेषज्ञ

## अनुमोदन पत्र

"नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी (वि.सं. २०४७ देखि २०७४ सम्म)" शीर्षकमा विद्यावारिधि (पिएच.डी.) शोधकार्य गर्ने शोधार्थी श्री राजेशचन्द्र गिरीले राजनीति शास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको व्यहोरा प्रमाणित गरिन्छ ।

....................................

प्रा.डा. कुशुम शाक्य

डिन एवं अध्यक्ष

अनुसन्धान समिति

मितिः..................................

## प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत "नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी (वि.सं.२०४७ देखि २०७४ सम्म)" शीर्षकको शोधप्रबन्ध मैले मेरा शोध निर्देशकको निर्देशनमा रही सम्पन्न गरेको मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु । शोधप्रबन्धमा उपयोग गरिएका सामग्रीका लेखकहरूप्रति म कृतज्ञता प्रकट गर्दछु र उपलव्ध गराउने संस्थाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यस अघि कहीँ पनि कुनै उपाधि वा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेको छैन । साथै यस शोधप्रबन्धको कुनै एकाई वा अंशलाई पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गराएको छैन । मैले प्रस्तुत गरेका यी प्रतिबद्धता विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

.......................................

**राजेशचन्द्र गिरी**

(शोधार्थी)

दर्ता नं. ८३/माघ २०७२

मङ्सीर, २०७८

## कृतज्ञता-ज्ञापन

प्रस्तुत शोधप्रबन्ध मैले समादरणीय गुरु प्रा.डा.जितेन्द्रध्वज खाँणको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्ना विविध व्यावहारिक कठिनाइका बिचमा पनि अमूल्य समय निकाली अत्यन्तै सौहार्दपूर्ण वातावरणमा गहन प्राज्ञिक सरसल्लाह प्रदान गर्दै शोधकार्यमा समुचित निर्देशन गर्नु हुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु । शोधप्रबन्धको लेखनका क्रममा विषयवस्तुको प्रस्तुतिका साथै शोध विधिका क्षेत्रमा पनि विविध किसिमको सहयोग गर्नु हुने मेरा शोधविशेषज्ञ सह प्रा.डा. पूर्णबहादुर खड्काज्यूप्रति पनि हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु । प्रस्तुत शोधप्रबन्धको शीर्षक चयन र विषय छनोटका सन्दर्भमा स्मरणीय सहयोग पुऱ्याउनुहुने प्रा. डा. राजकुमार पोखरेलज्यू र अन्य प्राध्यापकज्यूहरूप्रति पनि म कृतज्ञता प्रकट गर्दछु । मेरो आग्रहलाई स्वीकार गर्दै आफ्नो कार्यव्यस्ततालाई थाती राखी प्रस्तुत शोधप्रबन्धलाई आद्योपान्त पढेर कुशलतापूर्वक भाषा सम्पादन गरिदिनुहुने नेपाली विषयका विज्ञ पशुपति सापकोटाज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधप्रबन्धको निर्माणका क्रममा आवस्यक सहयोग र सल्लाह प्रदान गर्नु हुने डा. चनबहादुर गुरुङ, प्रा.डा. दयाराम श्रेष्ठ र प्रा.डा. रामकुमार दाहाल प्रति आभार प्रकट गर्दछु । यसैगरी शोधकार्य गरिरहँदा आइपरेका समस्यालाई समाधान गर्न र शोधप्रबन्धको लेखनका सन्दर्भमा लेखनकार्यलाई अगाडि बढाउन महत्त्वपूर्ण निर्देशनात्मक योगदान गर्नुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछु । उहाँहरूले दिनुभएको प्राज्ञिक निर्देशन र सुझावबाट म प्रशस्त लाभान्वित भएको छु । यस शोधप्रबन्धको निर्माणका सिलसिलामा आवश्यक सहयोग र सल्लाह प्रदान गर्नुहुने सबैप्रति आभार व्यक्त गर्दछु । मलाई विद्यावारिधि गर्नको लागि सधैं उत्प्रेरित र सहयोग प्रदान गर्ने मेरी जीवनसङ्गिनी डा. रजनी गिरी र छोरी आरोही गिरी तथा सहयोगी भाइ धर्मेन्द्र राजवंशीप्रति पनि आभार प्रकट गर्दछु । यसैगरी शोधप्रबन्धलाई कम्प्युटर टाइपिङ्ग र हार्ड बाइडिङ्गमा सहयोग पुऱ्याउनु हुने श्री कृष्णकुमार कार्की प्रति धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, म यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिन कार्यालयको अनुसन्धान समितिसमक्ष प्रस्तुत गर्दछु ।

मिति: २०७८/०८/१० **-राजेशचन्द्र गिरी**

# शोधसार

प्रस्तुत “नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी (वि.सं.२०४७ देखि २०७४ सम्म)” शीर्षकको शोधप्रबन्ध राप्रपाको जीवन र यसको विभिन्न आयामहरूका बारेमा विस्तृत रूपमा अध्ययन अनुसन्धान गरी यो शोधप्रबन्ध तयार गरिएको हो । अध्ययनसँग सम्बन्धित अनुसन्धानजन्य प्रश्नहरू संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? र नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनीतिक दलहरूसँग राप्रपाको सम्बन्ध र दृष्टिकोण कस्तो रहेको छ ? भन्ने रहेका छन् । यसमा प्रयोग भएका तथ्याङ्कहरू गुणात्मक प्रकारका र तिनका स्रोतहरू प्राथमिक र द्वितीयक रहेका छन् । जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता, समूह केन्द्रित छलफल, प्रत्यक्ष अवलोकन, निरीक्षण तथा अनुभव, पुस्तकालय सर्वेक्षण र विद्युतीय सामग्रीहरूबाट शोध सामग्रीहरू सङ्कलन गरिएका छन् । वर्तमान शोध अध्ययन मेकियाभेलीको राजनैतिक विचार (Political views), हब्सको सामाजिक सम्झौता (Social contract) र समकालीन राजनीतिक सिद्धान्त (Contemporary political theory) मा आधारित रहेर गुणात्मक विधिको अवलम्वन  र व्याख्यात्मक तरिकाबाट गरिएको छ ।

२०४६ सालपछिको परिवर्तित र राजनीतिक सन्दर्भमा देशलाई एउटा वैकल्पिक शक्तिको आवश्यकता महसुस गरी पञ्चायत पृष्ठभूमिमा बसेर राजनीति गरेका नेताहरूको सहभागितामा नयाँ धारको रूपमा राप्रपाको स्थापना भएको देखिन्छ । राप्रपालाई एक सुस्पष्ट विचार र अलग पहिचान बोकेको राजनैतिक दल मान्न सकिन्छ । विचार र सिद्धान्तको हिसावले राप्रपा एक प्रजातान्त्रिक वा लोकतान्त्रिक पार्टी हो । राष्ट्रियता, प्रजातन्त्र र उदारवाद यसका मूलभूत सिद्धान्तहरू हुन् । राष्ट्रिय हित र समग्र विकासको लागि राष्ट्रियतालाई सर्वोपरी साध्य, प्रजातन्त्रलाई अपरिहार्य आधार, राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक, हिन्दूत्वलाई जीवन दर्शन, उदार अर्थतन्त्रलाई आर्थिक विकासको मेरुदण्ड र निरन्तरता सहितको परिवर्तन अर्थात सम्बर्द्धनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा राप्रपाले लिएको देखिन्छ । तथापी स्थापना कालदेखि नै राप्रपा विभाजन र एकताको चक्रव्यूहमा फस्दै आएको छ । यसमा आन्तरिक तथा बाह्य कारणहरू जिम्मेवार देखिन्छन् । राप्रपा हालको राष्ट्रिय राजनीतिमा कमजोर देखिन्छ । पछिल्लो चुनावको परिणामअनुसार राप्रपा राष्ट्रिय पार्टी बन्नबाट समेत बञ्चित रहेको अवस्था छ ।

राप्रपाले वि.सं.२०४७ देखि २०७४ सम्म नेपालमा सम्पन्न सबै प्रकारका संसदीय, प्रान्तीय र स्थानीय निर्वाचनहरूमा सक्रिय रूपमा भाग लिँदै आएको देखिन्छ । वि.सं.२०५१ को मध्यावधि चुनावमा यसले प्रतिनिधिसभाको २०५ सिटमध्ये २० सिटमा विजय प्राप्त गरी कूल मत प्रतिशतको १७.९३ प्रतिशत मत प्राप्त गरेको थियो । त्यस बखत राप्रपा तेस्रो ठूलो दल बनी सत्ता राजनीतिको मुख्य चावी बनेको कारण क्रमशः पार्टीका नेता लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापा मुलुकका प्रधानमन्त्री बनी संयुक्त सरकारहरूको नेतृत्व गर्न सफल भएका थिए । राप्रपाको विगत राजसंस्थासँग जोडिएको, नेताहरूको राजनैतिक कद र

उचाइ राजाले स्थापित गरेको देखिन्छ तथापी राप्रपा राजसंस्थाप्रति पूर्ण निष्ठावान र इमान्दार भएको देखिँदैन । राजावादी पार्टी भएर पनि गणतन्त्रमा गणतन्त्रवादी बनी हिन्दूराष्ट्र र राजसंस्थाको एजेण्डालाई बेवास्ता गरेको देखिन्छ ।

संविधान निर्माण र कार्यान्वयनको सवालमा राप्रपाको भूमिका महत्वपूर्ण देखिन्छ । जेष्ठ सदस्यको हैसियतले राप्रपाका अध्यक्ष स्व. सूर्यबहादुर थापाले संविधानसभाको अध्यक्ष, सभामुखसमेत बनी संविधान निर्माण प्रक्रियामा आफू र आफ्नो पार्टीको तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरेका पाइन्छ । यसरी वि.सं. २०४७ सालदेखि वि.सं. २०७४ सम्ममा बनेका धेरैजसो सरकारहरूमा राप्रपाको सहभागिता रहेको देखिन्छ भने कतिपय अवस्थामा सरकारको नेतृत्वसमेत राप्रपाले गर्दै संसदीय अभ्यासमा महत्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ । तर राप्रपाले संसदीय राजनीतिमा सत्ता टिकाउने र गिराउने फोहोरी खेलमा सामेल भएको कारण जनताको नजरमा आलोचित बन्दै आएको छ । राप्रपाको सक्रियतामा सम्पन्न अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूमा महाकाली सन्धि, नेपाल भारत पारवाहन सन्धिको नवीकरण, काँकडभित्ता-फूलवारी-बङ्गलाबन्ध मार्ग सन्धि, विद्युत विक्री सम्झौता, जलमार्ग अध्ययन गर्ने सम्झौता, पेट्रोलिय पदार्थको सहज आपूर्ति व्यवस्थाको लागि रक्सौलदेखि अमलेखगञ्जसम्मको पाइप लाइनको निर्माण, बुढीगण्डकी आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी स्वदेशी लगानीमा नै गर्ने घोषणा गरेबाट यसले आफूलाई राष्ट्रवादी पार्टीको कित्तामा उभ्याउन सफल भएको मान्न सकिन्छ तथापि राप्रपाले महाकाली सन्धीमा हस्ताक्षर गरेको र यो राष्ट्रघाती सन्धि भएकोले राप्रपाको त्यो गम्भीर त्रुटि थियो भन्न सकिन्छ ।

एउटा शासकबाट अर्को शासकवर्ग, एउटा सत्ताबाट अर्को सत्ता र एउटा व्यवस्थाबाट अर्को व्यवस्था परिवर्तन गर्नको लागि नेपालमा प्रमुख राजनीतिक मुद्दाहरू र आन्दोलनहरू उठ्ने गरेको पाइन्छ । साथै आन्दोलनको बलमा सत्ता परिवर्तन हुने गरेको देखिन्छ । वि.सं. २०४६ सालको संयुक्त जनआन्दोलनको मुद्दा पञ्चायत शासनको अन्त्य गर्नु, माओवादी सशस्त्र जनयुद्धको मुख्य मुद्दा पुरानो सत्तालाई ध्वस्त पारी नयाँ जनवादीसत्ता र गणतन्त्र स्थापना गर्नु. २०६२/६३ मा भएको जनआन्दोलनको मुद्दा प्रतिनिधिसभाको पुनर्स्थापना गर्नु, र मधेस आन्दोलनको मुद्दा मधेशीको हक अधिकार र सङ्घीयताको स्थापना गर्नु आदि रहेका थिए । राप्रपाको नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी र मधेशवादी दलहरूसंग राम्रो सम्बन्ध रहँदै आएको पाइन्छ । यही सम्बन्धको कारण विभिन्न समयमा ती दलहरूसँग सहकार्य र सहभागिता जनाउँदै संयुक्त सरकारमा सामेल भएको देखिन्छ । राजाको प्रत्यक्ष शासनकालमा राप्रपाले प्रत्यक्ष सहभागिता नदेखाए तापनि राप्रपाकै नेताद्वय लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाले प्रधानमन्त्री बन्नु राजसंस्था र राप्रपाको बिच गहिरो सम्बन्ध रहेको देखिन्छ ।

राजनैतिक दलहरूले विदेशी भूमिमा बसी गरेको १२ बुँदे दिल्ली सम्झौता “धोका” हो, यसको “मार्गचित्र” गलत छ । यसले देशको सार्वभौमसत्ताको रक्षा गर्न सक्दैन भन्ने राप्रपाको दलहरूप्रतिको

दृष्टिकोण रहँदै आएको छ । वामपन्थी प्रभावमा लोकतन्त्र र प्रजातान्त्रिक शक्तिहरू पर्नु, राष्ट्रिय अखण्डतामाथि गम्भीर चुनौती उत्पन्न हुनु, राष्ट्रिय पहिचान मेटाउने षड्यन्त्र हुनु, विदेशी चलखेल र प्रभावमा वृद्धि हुनु, अर्थतन्त्र कमजोर बन्नु र राज्य संयन्त्रको प्रभावकारितामा ह्रास आउनुमा देशका प्रमुख राजनैतिक दलहरूको कमजोरी, अदुरदर्शिता र गलत मार्गचित्र हुन् भन्ने ठहर र दृष्टिकोण राप्रपाको छ । १२ बुँदे दिल्ली सम्झौताको परिणामबाट चिन्तित भई राष्ट्रिय हितलाई ध्यानमा राखी राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक, हिन्दूत्वलाई जीवन दर्शन र नेपाली सेनालाई राष्ट्रिय एकताको बिम्ब, अनुशासित र मर्यादित् संस्थाको रूपमा हेर्नुपर्ने दृष्टिकोण राप्रपाले बनाएको देखिन्छ । १२ बुँदे दिल्ली सम्झौताको मार्गचित्रका कारण सेना कमजोर बनेको, राजसंस्था हट्न पुगेको, धर्मनिरपेक्षता र सङ्घीयता लादिएको र देशको सार्वभौमिकता कमजोर भएको भन्ने ठहर राप्रपाले गरेको छ ।

नेपाल मुख्यतः तीन मूल आधारस्तम्भहरू (क) राजसंस्था (ख) हिन्दूराष्ट्र र (ग) नेपाली सेनाका जगले गर्दा सग्लो र सार्वभौम रहँदै आएको छ तर विभिन्न राजनीतिक घटनाक्रमहरू र विदेशी हस्तक्षेपले गर्दा हाम्रा ती आधार स्तम्भहरू ढल्दै गएका छन् । देशका यी आधार स्तम्भहरू नभत्काएसम्म नेपालको राष्ट्रिय अखण्डता, नेपाली जनतामा भएको देशभक्तिको भावना र राष्ट्रिय एकतालाई खलबलाउन नसकिने निष्कर्ष सहित विदेशिहरूले यो योजना बनाएको हो भन्ने वर्तमान शोधप्रबन्धको निष्कर्ष रहेको छ । साथै यी तीन आधारस्तम्भहरूसँग विचार र भावना मिल्ने र सतप्रतिशत मेल खाने मौलिक पहिचान बोकेको पार्टी राप्रपालाई मुख्य बाधक शक्ति ठानी यसलाई पनि कमजोर पार्ने काम योजनाबद्ध रूपमा हुँदै आएको ठहर शोधार्थीको रहेको छ । राप्रपा र राजसंस्था बिच गहिरो सम्बन्ध हुँदाहुँदै राप्रपाले राजालाई सबै राजनैतिक घटनाक्रमहरूमा किन साथ दिन सकेन ? राजसंस्था र हिन्दू राष्ट्रको बारेमा जनताको अभिमत बेगर नै किन राजसंस्थाको अन्त्य र धर्मनिरपेक्षताको घोषणा गरियो ? जनमत सङ्ग्रह (Referendum) किन गरिएन ? २४० बर्षको शाह वंशीय शासन व्यवस्था र आफ्नो श्रीपेच किन सहज रूपमा पत्रकार सम्मेलन गरी राजा ज्ञानेन्द्रले जनतालाई सुम्पेर गए ? नेपालमा संसदीय व्यवस्था किन असफल हुदै गैरहेको छ ? यी र यस्ता अनुत्तरित प्रश्नहरू भविष्यका लागि शोध अध्ययनका विषयहरू हुन सक्दछन् ।

# विषय सूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| शोधप्रबन्धको सिफारिस पत्र | i |
| अनुमोदन पत्र | ii |
| प्रतिबद्धता पत्र | iii |
| कृतज्ञता-ज्ञापन | iv |
| शोधसार | v |
| परिशिष्ट | xii |
| सङ्क्षिप्तीकृत शब्दसूची | xiii |

## परिच्छेद : एक
## शोध परिचय

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ शोध अनुसन्धानका उद्देश्यहरू | ९ |
| १.४ अध्ययनको औचित्य | ९ |
| १.५ शोधकार्यको सीमा | १० |
| १.६ शोधप्रबन्धको रूपरेखा | ११ |

## परिच्छेदः दुई
## पूर्वकार्यको समीक्षा

| | |
|---|---|
| २.१ सामान्य समीक्षा **(General Review)** | १२ |
| २.१.१ राजनैतिक दलको अवधारणा | १२ |
| २.१.२ राजनैतिक दलको परिभाषा | १४ |
| २.१.३ राजनैतिक दलको विशेषता तथा आधारभूत तत्वहरू | १६ |
| २.१.४ विश्वमा राजनैतिक दलको उद्भव र विकास | १७ |
| २.१.५ नेपालमा राजनैतिक दलको उद्भव र विकास | १९ |
| २.१.६ नेपालको शासन व्यवस्था | ३० |
| २.१.७ संसदीय प्रणाली | ३१ |
| २.१.७.१ संसद्को ऐतिहासिक पृष्ठभूमि | ३१ |

२.१.७.२ संसद्को अवधारणा तथा परिचय ३५
२.१.७.३ संसद्को परिभाषा ३८
२.१.७.४ संसदीय व्यवस्थाका प्रमुख विशेषताहरू ३९
२.१.८ नेपालमा संसदीय प्रणालीको विकास ४९
२.२ अनुभवजन्य समीक्षा **(Empirical Review)** ५५
२.३ वर्तमानमा खोजको अन्तर **(Research Gaps)** ६७

## परिच्छेद : तीन
## अनुसन्धान विधि

३.१ अवधारणागत/सैद्धान्तिक ढाँचा ७०
३.२ भौगोलिक अध्ययन क्षेत्र ८०
३.३ अनुसन्धान ढाँचा ८०
३.४ नमुना तथा नमुना सङ्कलन विधि ८१
३.५ तथ्याङ्कको प्रकार र स्रोत ८२
३.६ तथ्याङ्क सङ्कलन यन्त्र वा उपकरणहरू ८३
३.७ तथ्याङ्क सङ्कलन विधि ८३
३.७.१ प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन विधि ८४
३.७.२ द्वितीय स्रोतको तथ्याङ्क सङ्कलन विधि ८६
३.८ तथ्याङ्क तथा जानकारीहरूको प्रशोधन ८७
३.९ तथ्याङ्कको व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण ८७
३.१० शोधप्रबन्ध लेखन ८९

## परिच्छेद : चार
## संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण

४.१ राप्रपाको उद्भव र विकास ९०
४.२ राष्ट्रिय प्रजातन्त्र पार्टीको उद्देश्य तथा सिद्धान्त ९८
४.३ राप्रपाको सङ्गठनात्मक स्वरूप १०३
४.४ राप्रपाको केन्द्रीय सम्मेलन तथा महाधिवेशनहरू १०३
४.५ राप्रपाका नीतिहरू ११३
४.५.१ संवर्द्धनवादको नीति ११३
४.५.२ आर्थिक विकास सम्बन्धी नीति १२४

४.५.३ समानुपातिक तथा समावेशिता सम्बन्धी नीति १३०
४.५.४ सुशासन, सम्पदा, संस्कृति, विज्ञान तथा प्रविधि सम्बन्धी नीति १३५
४.५.५ राष्ट्रिय एकता र अखण्डता सुदृढीकरण सम्बन्धी नीति १३८
४.५.६ उत्पीडित तथा अल्पसङ्ख्यक वर्ग र क्षेत्रको समुत्थान सम्बन्धी नीति १४०
४.६ राप्रपाको विभाजन र एकीकरणको स्थिति १४२
४.७ नेपालको वर्तमान संकटप्रति राप्रपाको धारणा १५०
४.८ राप्रपा नेताहरूमा वंशजको राजनीति स्थिति १५५
४.९ स्थापना र विस्तारको क्रममा राप्रपाले झेलेको संघर्ष तथा प्रमुख घटनाक्रमहरु १५६

## परिच्छेद : पाँच
## संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था

५.१ संसदीय व्यवस्था र यसको महत्व १६४
५.२ नेपालमा संसदीय प्रणालीको विकासक्रम १६६
५.३ नेपालको वर्तमान संसदीय व्यवस्था १७३
५.४ राप्रपाको संसदीय अभ्यास १७५
५.५ निर्वाचन र निर्वाचन प्रणाली १७७
५.६ संसदीय निर्वाचनमा राप्रपाको सहभागिताको स्थिति १७९
५.७ राप्रपा सम्मिलित संयुक्त सरकारहरू २१८
५.८ राप्रपाले सरकारमा रहँदा देश र जनताको पक्षमा गरेका राम्रा कामहरू २२४
५.९ राप्रपाको सक्रियतामा सम्पन्न अन्तर्राष्ट्रिय सन्धिहरू २२८
५.१० संविधान सुधारसम्बन्धी राप्रपाको धारणा २३२

## परिच्छेदः छ
## नेपालको प्रमुख राजनैतिक मुद्दाहरू, राप्रपाको दृष्टिकोण र अन्य दलसँगको सम्बन्ध

६.१ नेपालको प्रमुख राजनैतिक मुद्दाहरू २३५
६.२ वृहत् राष्ट्रिय सहमतिसम्बन्धी राप्रपाको धारणा २५९
६.३ राप्रपाको अन्तर्राष्ट्रिय सम्बन्ध २६४
६.४ दलीय द्वन्द्व र सहमति २६६
६.५ राप्रपाको नेपाली कांग्रेससँगको सम्बन्ध र सहकार्यको स्थिति २७२
६.६ राप्रपाको नेकपा एमालेसँग सम्बन्ध र सहकार्यको स्थिति २७९

६.७ राप्रपाको माओवादीसँगको सम्बन्ध र सहकार्यको स्थिति २८२
६.८ राप्रपाको राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनसँगको सम्बन्ध र सहकार्यको स्थिति २८५
६.९ बाह्रबुँदे दिल्ली सम्झौता २८९
६.१० दोस्रो जनआन्दोलन र राजसंस्थाको अवसान २९५
६.११ बृहत शान्ति सम्झौता ३००

## परिच्छेदः ७
## सारांश, निष्कर्ष र सुझाव

७.१ सारांश (Summary) ३०२
७.२ निष्कर्ष (Conclusion) ३०६
७.३ सुझावहरू (Recommendations) ३०७

परिशिष्ट ३०९
सन्दर्भग्रन्थ सूची ३२५

# परिशिष्ट

पृष्ठ सङ्ख्या


| | |
|---|---|
| परिशिष्ट-१ : जानकार व्यक्तिहरूसँग अन्तरवार्ता र समूह केन्द्रित छलफलका लागि प्रश्नावली | ३०९ |
| परिशिष्ट-२ : जानकार व्यक्तिहरूका नामावली | ३१० |
| परिशिष्ट-३ : राप्रपाको साङ्गठनिक स्वरूप | ३१२ |
| परिशिष्ट-४ : राप्रपा (थापा) को महाधिवेशनमा प्रस्तुत कार्यपत्रहरू | ३१३ |
| परिशिष्ट-५ : महाधिवेशन भएको मिति, स्थान र निर्वाचित अध्यक्षहरूका विवरण | ३१३ |
| परिशिष्ट-६ : राप्रपाको जीवनचक्र | ३१४ |
| परिशिष्ट-७ : राप्रपामा नातागोता र उत्तराधिकारीहरू | ३१५ |
| परिशिष्ट-८ : संसदीय निर्वाचनमा राप्रपाको स्थिति | ३१५ |
| परिशिष्ट-९ : आमनिर्वाचन, २०४८ को मत परिणाम | ३१६ |
| परिशिष्ट-१० : प्रतिनिधिसभा निर्वाचन, २०५१ को निर्वाचनको मत परिणाम | ३१७ |
| परिशिष्ट-११ : २०५१ देखि २०५६ सम्ममा गठन भएका विभिन्न सरकारमा सहभागी दलहरू | ३१७ |
| परिशिष्ट-१२ : २०५६ को चुनावमा निर्वाचित सांसदहरूको नाम, निर्वाचन क्षेत्र र प्राप्त मत | ३१८ |
| परिशिष्ट-१३ : पहिलो संविधानसभा चुनाव, २०६४ मा राप्रपाले प्राप्तगरेको सिट सङ्ख्या र मत | ३१८ |
| परिशिष्ट-१४ : दोस्रो संविधानसभा चुनाव, २०७० मा राप्रपाले प्राप्तगरेको सिट सङ्ख्या र मत | ३१९ |
| परिशिष्ट-१५ : २०७४ को निर्वाचन परिणाम | ३१९ |
| परिशिष्ट-१६ : राप्रपाको प्रतिनिधिसभा निर्वाचन, २०७४ को उम्मेवार र मत परिणाम | ३१९ |
| परिशिष्ट-१७ : राप्रपाको चुनावी घोषणापत्र, २०७४ मा राप्रपा नै किन ? भन्ने बुँदाहरू | ३१९ |
| परिशिष्ट-१८ : समानुपातिक निर्वाचन प्रणालीतर्फ राप्रपाका विभिन्न समूहले प्राप्तमतको विवरण | ३२१ |
| परिशिष्ट-१९ : समानुपातिक निर्वाचनतर्फ राप्रपाका विभिन्न समूहले प्राप्त गरेको सिट सङ्ख्या | ३२१ |
| परिशिष्ट-२० : बाह्र बुँदे दिल्ली सम्झौतामा उल्लिखित बुँदाहरू | ३२२ |

# सङ्क्षिप्तीकृत शब्दसूची

**नेपाली**

| | |
|---|---|
| ई.सं. | इस्वी सम्वत् |
| ए. | एकीकृत |
| एमाले | एकीकृत मार्क्सवादी लेलिनवादी |
| ऐ. | ऐजन |
| का.म.न.पा. | काठमाण्डौं महानगर पालिका |
| के.का. | केन्द्रीय कार्यालय |
| के.का.स. | केन्द्रीय कार्य समिति |
| के.स. | केन्द्रीय सदस्य |
| क्र.सं. | क्रम संख्या |
| गापा | गाउँपालिका |
| जवरा | जंगबहादुर राणा |
| जसपा | जनता समाजवादी पार्टी |
| तमलोपा | तराई मधेश लोकतान्त्रिक पार्टी |
| डि.एस.पी. | डेप्युटी सुपरिटेण्डेण्ट अफ पुलिस |
| द.नं. | दर्ता नंवर |
| नपा | नगरपालिका |
| नेकपा | नेपाल कम्युनिष्ट पार्टी |
| नेकां | नेपाली कांग्रेस |
| नेकपा (चौम) | नेपाल कम्युनिष्ट पार्टी (चौँथो महाधिवेशन) |
| नेजमो | नेपाल जन मोर्चा |
| नेमकिपा | नेपाल मजदुर किसान पार्टी |
| नेसपा | नेपाल सद्भावना पार्टी |
| नि. | निमित्त |
| पु. | पुरुष |
| पृ. | पृष्ठ |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्र. | प्रजातान्त्रिक |
| प्र.म. | प्रधानमन्त्री |

| | |
|---|---|
| वि.सं. | विक्रम सम्वत् |
| भूपू | भूतपूर्व |
| म. | महिला |
| म.न.पा. | महानगर पालिका |
| म.म. | महामन्त्री |
| माले | मार्क्सवादी लेलिनवादी |
| रा. | राष्ट्रवादी |
| राप्रपा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| राजपा, नेपाल | राष्ट्रिय जनता पार्टी, नेपाल |
| राजपा | राष्ट्रिय जनशक्ति पार्टी |
| राजमुपा | राष्ट्रिय जनमुक्ति पार्टी |
| राजप | राष्ट्रिय जन परिषद् |
| संजमो | संयुक्त जन मोर्चा |
| सं.स.पा. | सङ्घीय समाजवादी पार्टी |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

**English**

| | |
|---|---|
| BBC | British Broadcasting Corporation |
| IDU | International Democratic Union |
| RAW | Research and Analysis Wing |
| THT | The Himalayan Times |
| TKP | The Kathmandu Post |
| UK | United Kingdom |
| UNP | United National Party |
| USSR | Union of Soviet Socialist Republics |